**'सुनकोशी गाउँपालिका समृद्धिको आधार "कृषि, पर्यटन, जलस्रोत र ब्यापार'**

# सुनकोशी गाउँपालिका

प्रथम गाउँपालिका सभाबाट स्वीकृत
नीति, कार्यक्रम तथा वजेट र
वार्षिक गाउँपालिका विकास योजना
२०७४/०७५

सुनकोशी गाउँपालिकाको कार्यालय,
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
गाउँपालिका सभा मिति २०७४ असार ३० गते

# सुनकोशी गाउँपालिका

## परिचय

सिन्धुपाल्चोक जिल्ला नेपालको हिमाली जिल्लाहरु मध्येको एक हो । यो जिल्ला तिन नम्बर प्रदेशकै सबैभन्दा ठूलो जिल्ला हो । जसको क्षेत्रफल २५४२ वर्ग किमी छ । जहाँ तिनवटा नगरपालिका र नौं वटा गाउँपालिकाहरु रहेका छन् । यो जिल्ला पृथ्वीनारायण शाहले भनेझै 'विभिन्न जातको फूलवारी हो ।' गाउँपालिकाहरुमध्येको एक हो सुनकोशी गाउँपालिका । सुनकोशी गाउँपालिकामा साविकका ६ वटा गाविसहरुः ठोकर्पा, कालिका, यमुना8ाँ8ा, थुम्पाखर पाग्रेटार मिलाएर वनाईएको छ । राष्ट्रिय मान्यतालाई अवलम्बन गर्दै साविकका सोहि गाविसलाई वडा मान्यता दिदै ठूलो भएको नाताले ठोकर्पा गाविसलाई दुइवटा वडा बनाई सात वटा वडासहित सुनकोशी गाउँपालिका बनाइएको हो । तसर्थ यस गाउँपालिकाको पूर्वमाः लिसंखुपाखर गाउँपालिका पश्चिम एवं दक्षिणमाः काभ्रे जिल्ला रहेको छ भने उत्तरमाः बलेफि गाउँपालिका एवं चौतारा नगरपालिमका रहेका छन् । यस गाउँपालिकाको क्षेत्रफल २३०.३६ वर्ग किलो मिटर रहेको छ भने २०६८ सालको जनगणना अनुसार १६७१३ जनसंख्या रहेको छ । प्रति वर्ग कि.मी २३८  जनघनत्व रहेको यस गाउँपालिकामा अधिकांशको कार्यक्षेत्र जलस्रोत, पर्यटन, कृषि र व्यापार रहेको छ । साथै यो गाउँपालिका कफी व्यवसायमा प्रचुर सम्भावना बोकेको छ ।

यस गाउँपालिकामा विशेष गरी हिन्दु र वौद्ध धर्मावालम्वीहरुको बसोबास रहेको छ । यहाँ व्राह्मण, क्षेत्री र तामाङ्ग जातिको वाहुल्यता रहेको छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा ऐतिहासिक कालवाटै अंगाल्दै आएका छन् । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा वढी खपत र विक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस गाउँपालिकामा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । सुनकोशी गाउँपालिका नवगठित गाउँपालिका भएकोले यसलाई एक सक्षम गाउँपालिकाको रुपमा स्थापना गर्ने चुनौती समग्र गाउँपालिकावासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तरीकाबाट लाग्नु पर्ने आवश्यकता रहेको विधितै छ ।

यस कारण सुनकोशी गाउँपालिकाले क्रमशः यस गाउँपालिका क्षेत्रको समग्र विकास पहलहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु तयार गरी अगाडि

वढ्ने जमर्को गरको छ । यसै क्रममा स्थानीय नागरिकहरुको सक्रिय सहभागितामा आर्थिक वर्ष २०७४/०७५ को लागि वार्षिक नीति तथा कार्यक्रम तयार गरी प्रथम गाउँपालिका सभा सम्पन्न गर्न गइरहेको कुरा यहाँहरुलाई विदितै छ ।

## प्रथम गाउँपालिका सभा

यस गाउँपालिकाको प्रथम गाउँपालिका सभा आज मिति २०७४ असार ३० गते गाउँपालिकाका अध्यक्ष श्री श्रवण कुमार जि.सी. ज्युको अध्यक्षतामा सम्पन्न गरिएको छ । गाउँपालिकाको नीति, कार्यक्रम तथा वजेट देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## सुनकोशी गाउँपालिकाको आ.व. २०७४/०७५ को नीति, कार्यक्रम तथा वजेट

सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस सुनकोशी गाउँपालिकाको प्रथम गाउँपालिको सभाको निर्णय सार्वजनिक समारोहमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित भइदिनुहुने प्रमूख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु तथा सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु । यस गाउँपालिकाको प्रथम गाउँपालिका सभाबाट पारित आ.व.२०७४/०७५ को वार्षिक गाउँपालिका विकास योजना गाउँपालिका सञ्चालक समितिको प्रमूखको हैसियतले यहाँहरु समक्ष सार्वजनिकीकरण गर्न पाउँदा मलाई गौरव लागेको छ ।

### आदरणीय महानुभावहरु

नेपाल सरकार मन्त्रिपरीषदको मिति २०७३/१/२७ को निर्णयबाट गाउँपालिका घोषणा भईसकेपछि मिति २०७३/११/२७ देखि सुनकोशी गाउँपालिकाको नाममा सेवा प्रवाह गर्दै आएको कुरा यहाँहरुलाई जानकारी गराउँन चाहान्छु ।

यस गाउँपालिका भौगोलिक रुपमा जलस्रोत, कृषि, पशुपालन, ब्यापार र पर्यटनमा प्रशस्त सम्भावना बोकेको स्थान हो यस गाउँपालिकामा रहेका प्रमूख श्रोत र सम्भावनाहरुको पहिचान गरी उक्त श्रोतहरुको सहि सदुपयोग गर्नु आजको आवश्यकता देखिएको छ । भौगोलिक रुपमा छरिएर रहेका ग्रामिण वस्तीहरुलाइ भुकम्पका कारणले सृजना भएको वस्ती विकासको नयाँ मान्यता अनुरुप तुल्याउनु र सवै समुदायमा समतामुखी विकास पर्ु्याइ स्थानीय नागरिकहरुको आर्थिक-सामाजिक क्षेत्रमा रुपान्तरण गर्ने चुनौति हामी माझ रहेको छ ।

गाउँपालिकावासीका माग एवं आकांक्षा उच्च रहँदा हाम्रो सिमित श्रोतवाट ती सवै माग र आवश्यकतालाई एकै आर्थिक वर्षमा पुरा गर्न सम्भव नहुन सक्छ । त्यसमाथि पनि गाउँपालिकाको आफ्नो दिगो श्रोतको रुपमा रहेको आन्तरिक श्रोतको प्रभावकारी व्यवस्थापन गर्न नसकिरहेको अवस्थामा जति पनि हाम्रो विकास भएका छन ती सवै प्रयासहरु नेपाल सरकारको अनुदानमा नै पूर्ण निर्भर रहेको छ। ता पनि ती समस्याहरुको पहिचान तथ्ययुक्त ढंगले गरी सोको प्राथमिकीकरणलाई वस्तुगत बनाउन सके विभिन्न निकाय समक्ष पहल कदमी लिन सकिने ठम्याइ यस गाउँपालिकाको रहेको छ ।

आर्थिक विकासका आयामहरु कृषि तथा पशु विकास, पर्यटन विकास, उत्पादनमूलक उद्योग तथा उद्यमहरु र रोजगारी सम्वन्धी विविध प्रवर्द्धनात्मक क्रियाकलापहरु र सामाजिक विकासका आयामहरु शिक्षा स्वास्थ्य, महिला तथा बालबालिका, आदिवासी जनजाति, दलित तथा पिछडा वर्ग, अशक्त अपांग र वृद्धवृद्धा आदिका संरक्षण, सम्वर्द्धन र विकासका लागि आवश्यक कार्यक्रमहरुमा लगानी गर्न अपरिहार्यता रहेको छ । गाउँपालिका स्तरमा रहेका सवै खाले आवश्यकताहरुलाई क्रमशः परिपूर्ति गर्दै स्थानीय नागरिकहरुको आर्थिक सामाजिक विकास तथा सोको लागि आवश्यक पूर्वाधारहरु स्थापना र सम्भार गर्ने दायित्व आज गाउँपालिकाको काँधमा आएको व्यहोरा यहाँहरु सवैमा विदितै छ ।

यस गाउँपालिकाको क्षेत्रमा रहेका कृषि तथा पशुपालन व्यवसायका सम्भावनाहरुलाई गाउँपालिका वासी र गाउँपालिकाले तुरुन्तै मनन गरी यी क्षेत्रहरुमा सम्भावित विकासका पहलहरु गर्नुपर्ने देखिन्छ । यहाँ रहेको भूगोल, माटो, संस्कृति र बन क्षेत्रको संरक्षण, व्यवसायीकरण तथा उक्त सम्पदाहरुमा आधारित जीवन शैलीको प्रवर्द्धन नै यहाँको दिगो विकासका सम्भावनाहरु हुन । यी क्षेत्रहरुमा नै गाउँपालिकाको समग्र पहलहरु रहनु पर्ने आवश्यकता मैले ठानेको छु । हामी सवै गाउँपालिकावासीहरु यिनै स्थानीय सम्भावनाहरुलाई सम्वर्द्धन र विकास गर्ने कार्यमा योजनावद्ध तरिकाबाट लागौं भन्ने सम्पूर्ण गाउँपालिका वासीहरुमा मेरो अनुरोध छ ।

**उपस्थित महानुभावहरु**

यस गाउँपालिका विकास योजना तर्जुमाको क्रममा “स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश” २०७३ श्रोत परीचालन कार्यविधिले व्यवस्था गरेको सहभागिता मूलक योजना तर्जुमा पद्धति राष्ट्रिय योजना आयोग एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बाट जारी माग दर्शन अनुरुप विकासको मूल प्रवाहबाट विगतमा वञ्चितीमा रहेका र पछाडि पारिएका जाति, वर्ग, क्षेत्रका जनताको जीवनस्तरमा

सुधार गर्न कार्यक्रम र बजेटको तोकिएको हिस्सा छुट्याई लक्षित कार्यक्रमहरुको व्यवस्था गरिएको छ ।

गाउँपालिका क्षेत्रमा आर्थिक-सामाजिक रुपान्तरणको लागि आवश्यक भौतिक पूर्वाधारहरु विकास गर्दै लैजानु पर्ने र आगामी आर्थिक वर्षको लागि योजना, बजेट तथा कार्यक्रम गाउँपालिका र गाउँसभाबाट पारित गरिएको छ ।

तर गाउँपालिकाको सिमित श्रोतबाट स्थानीय असिमित आवश्यकताहरुलाई क्रमशः परिपूर्ति गर्दै लैजानु पर्ने हाम्रो बाध्यता हो । तथापि प्राप्त माग एवं चाहनाहरुलाई प्राथमिकताको आधारमा सम्बोधन गर्न प्रयत्न गरिएको छ । सवै पक्ष र सरोकारवाला निकायहरुवाट प्राप्त सुझावहरुलाई समेटी गाउँपालिका बासीहरुको वास्तविक आवश्यकतालाई मुखरित गर्ने खालका योजनाहरु छनौट गरिएकोले यस गाउँपालिका विकास योजनाले अधिकतम् सफलता हासिल गर्ने मैले अपेक्षा गरेको छु ।

**उपस्थित महानुभावहरु**

यहाँहरु समक्ष म यस गाउँपालिकाको स्थापना पछि हालसम्म भएका महत्वपूर्ण कार्यहरु प्रस्तुत गर्दछु ।

- गाउँपालिकाको महत्वपुर्ण जनशक्ती इन्जिनियर सव इन्जिनियर एवं अमिनको अन्य जनशक्ति व्यवस्थापन नभएकोले सो पद पूर्ति गरिने छ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई सरलीकृत गर्नको लागि वडा कार्यालयबाट नै नियमित सेवा उपलव्ध गराउने व्यवस्था मिलाईएको छ ।
- गाउँपालिकाको व्यवस्थापनलाई सुचारु तथा व्यवस्थित गर्नको लागि ईमेल, ईन्टरनेट जडान, कम्प्युटरकृत लेखा र राजस्व व्यवस्थापन प्रणाली, व्यक्तिगत घट्ना दर्ता प्रणाली आदि व्यवस्थित गरिएको छ ।
- सामाजिक परिचालनलाई अझ प्रभावकारी तुल्याउन स्थानीय सेवा प्रदायक संस्था छनौट गरी जिम्मेवारी दिईएको छ ।
- वडा तहका स-साना विकास निर्माणका कार्यहरुलाई सम्वोधन गर्न वडा स्तरीय कार्यक्रमहरु पहिचान, छनौट, कार्यान्वयन गर्ने गरी योजना समावेस गरिएको छ ।
- सामाजिक सुरक्षा भत्तालाई टोल टोल तथा घर घरसम्म पुगि वितरण गरिएको र सोको भरपाई वडा कार्यालय तथा सार्वजनिकीकरण गर्ने कार्य गरिएको छ र यसै वर्ष बाट सामाजिक सुरक्षा भत्तालाइ बैकं मार्फत वितरण गर्ने व्यवस्था गरिएको छ ।

- गाउँपालिका बनेपछि गाउँपालिका वासीहरुले घर निर्माण गर्ने विधि एवं पद्दती तथा फोहोर व्यवस्थापन गर्ने बानी व्यवहारमा गर्नुपर्ने परीवर्तनहरुका विषयहरुमा विभिन्न मेडीयाहरु बाट सजक तुल्याइएको छ ।

**उपस्थित महानुभावहरु**

अब म आ ब २०७४/०७५ को लागि नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु

**बजेट छनौटका आधारहरु**

"स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश" २०७३ तोकेका आधारहरुका अतिरिक्त देहायका आधारहरु अवलम्वन गरिएको छ ।

✓ यस गाउँपालिकाले वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायहरुलाई उपलब्ध गराएको नीति, मार्गदर्शन तथा वजेट सिमाको परिधिलाई अवलम्वन गरिएको छ ।

✓ नीति, कार्यक्रम तथा वजेट तयार गर्दा "स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश" २०७३ र सुनकोशी गाउँपालिकाको आर्थिक ऐन २०७४ र सुनकोशी गाउँपालिकाको विनियोजन ऐन २०७४ र दिगो विकासका लक्ष्यहरु तथा नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिबासी जनजातिसंग सम्वन्धित अन्तर्राट्रिय सन्धी सम्झौताहरुमा उल्लेख भएका विषयहरुलाई गम्भीरताका साथ योजनामा समावेश गरिएको छ ।

✓ जलवायु अनुकुलन, मानवीय स्वास्थ्य, आर्थिक-सामाजिक विकास, जिविकोपार्जन सुधार, खानेपानी तथा सरसफाई, अपाङ्गमैत्री एवं वालमैत्री स्थानीय शासन, पोषण सुधार, लैंगिक उत्तरदायी वजेट विनियोजन, विपद व्यवस्थापन, आकस्मिक मर्मत सम्भार जस्ता वहुपक्षीय जिम्मेवारीका विषयवस्तुहरुलाई सम्बोधन गर्ने कार्यक्रमहरुलाई समावेश गरिएको छ ।

✓ आयोजना छनौट गर्दा गरिवी न्यूनीकरण, वातावरण संरक्षण, समावेशी विकासमा योगदान पु¥याउने रोजगारमुलक, छोटो समयमा सम्पन्न भई अधिकतम् प्रतिफल दिने, कम लगानीवाट वढी जनसंख्यालाई लाभ पु¥याउने तथा अधिकतम् जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजनाहरुलाई प्राथमिकता दिईएको छ ।

✓ नवगठित गाउँपालिका भएको र स्थानीय निकायको नव निर्वाचित प्रतिनिधि भएको अवस्थालाई मध्यनजर गरी सवै वडाको योजनाहरुको सुचिको आधारमा एकीकृत योजना तर्जुमा समितिवाट योजनाहरुको अन्तिम टुंगो लगाएको छ ।

- ✓ गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकाय, स्थानीय गैससहरु, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी सम्वन्धित सुचनाहरु एकीकृत गरेर सवै पक्षहरुको अपेक्षा र सुझावहरुलाई समेटी योजना तयार गरिएको छ ।
- ✓ पूर्वाधार निर्माण तर्फ अधुरा आयोजनाहरुलाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ । सडक, विद्युत, खानेपानी र सिंचाई आदि तर्फमा नयाँ कार्यक्रमहरुलाई वार्षिक योजनामा समावेश गर्दा निश्चित मापदण्डको आधारमा प्राथमिकताक्रम तोकी उपलव्ध श्रोतवाट सम्पन्न हुने गरी समाबेश गरिएको छ ।
- ✓ क्रमागत योजनाहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने खालका योजनाहरुलाई प्राथमिकता दिईएको छ । गाउँपालिकाको बजेटबाट मात्र सम्पन्न गर्न नसकिने योजनाहरुलाइ उपल्लो निकायहरुमा बजेट प्राप्तिका निम्ति सुचि तयार गरिएको छ ।
- ✓ गाउँपालिकाको संस्थागत विकासका लागि अपरीहार्य ठानीएका धेरै आयोजनाहरुलाई सानो सानो रकम भए पनि गाउँपालिकाको तर्फबाट साझेदारी गर्ने ध्येयले प्रस्ताव गरिएको छ ।
- ✓ २०७२ वैशाख १२ गतेको विनाशकारी भू:कम्प र त्यस पछिका पराकम्पनहरुवाट क्षति भएका भौतिक संरचनाहरुलाई पूनर्निर्माण तथा विस्थापित नागरिकहरुलाई पुनर्स्थापना गर्ने कार्यमा टेवा पुग्ने खालका योजनाहरुलाई प्राथमिकता दिई समावेश गरिएको छ ।

## गाउँपालिका विकास योजनाका प्रमुख नीतिहरु

वार्षिक गाउँपालिका विकास योजना तर्जुमाको क्रममा नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट आगामी वर्षको लागि प्राप्त मार्गदर्शन तथा वजेट सिमा, "स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि आदेश" २०७३ र सुनकोशी गाउँपालिकाको आर्थिक ऐन २०७४ र सुनकोशी गाउँपालिकाको विनियोजन ऐन २०७४ लाई आधार मानी तथा वालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासनका अवधारणाहरु समेतलाई समेत मध्यनजर गरी योजनाहरुको प्राथमिकीकरण गर्ने प्रयास गरिएको छ । नेपालको त्रिवर्षीय योजना, दिगो विकास लक्ष्य, गत आर्थिक वर्षका सिकाईहरु तथा स्थानीय नागरिकहरुको सक्रिय सहभागितामा यो वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गरिएको छ

## भौतिक पूर्वाधार बिकास नीति

- ✓ यस गाउँपालिकाको आवश्यकता अनुरुप यसै आ.व बाट गाउँपालिका यातायात गुरुयोजना तयार गरि सो अनुरुप पुर्वाधार निर्माण गर्न बजेट छुट्याइएको छ ।

- ✓ गाउँपालिकाका सडकहरुलाई प्राथमिकता दिईने छ ।
- ✓ सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- ✓ गाउँपालिकाका ७ वटै वडालाई जोड्ने मोटरवाटो निर्माण तथा व्यापारिक सम्वन्ध स्थापना गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- ✓ सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुला राख्ने कार्यमा निरन्तरता दिइनेछ र अव्यवस्थित रूपले रहेका विद्युत तथा टेलिफोनका पोल तथा तारलाई व्यवस्थित गर्न सम्बन्धित निकायमा समन्वय गरिनेछ ।
- ✓ गाउँपालिकाक्षेत्रको भूउपयोगलाई व्यवस्थित तुल्याउँन गाउँपालिका भूउपयोग नीति तयार गरी लागु गरिने छ । घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्वनमा ध्यान दिईने छ ।
- ✓ यस गाउँपालिका क्षेत्रमा खानेपानी तथा सिंचाई श्रोतको अभाव रहेको तर यहाँको आर्थिक आधार कृषि भएकोले लिफ्टिङ्ग तथा सिंचाईका नविनतम् उपायहरु खोजी गर्ने र अधुरा योजनाहरुलाई पुरा गर्ने कार्यहरुलाई जोड दिईने छ ।
- ✓ गाउँपालिकामा यूवाहरुको लागि आवश्यक खेल मैदान तथा खेल सामाग्री सहयोग र खेलकुद प्रवर्द्धनका विविध कार्यक्रमहरु आयोजना गरिने छ ।
- ✓ गाउँपालिकामा कृषि तथा पशु व्यवसायहरुलाई सहयोगी पूर्वाधारहरु जस्तै दुग्ध संकलन तथा प्रशोधन केन्द्र, तरकारी तथा फलफुल संकलन, विक्री केन्द्र र विविध व्यवसायिक साझा सुविधा केन्द्रहरुको भौतिक पूवार्धार निर्माण कार्यहरु गरिने छ ।
- ✓ गाउँपालिकाको कुनै एक स्थानमा Land Pooling कार्यक्रम सञ्चालन गर्न आवश्यक दाता खोजिने छ ।
- ✓ गाउँपालिका क्षेत्रमा रङ्गशालाको लागि उपयुक्त स्थान पहिचान गरी निर्माण कार्यको लागि आवश्यक तयारी गरिने छ ।

**खानेपानी तथा सरसफाई**

खानेपानी तथा सरसफाईको कठिनता मापन गरी खानेपानी तथा सरसफाई सम्बन्धि देहायका पहलहरु गरिनेछ ।

- ✓ गाउँपालिका क्षेत्रमा रहेका पानीका मूलहरु संरक्षण, विकास तथा सदुपयोग गर्ने आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।
- ✓ यस गाउँपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र (ODF) घोषणा गर्ने लक्ष्यलाई मुर्तरुप दिन सरकारी, गैर सरकारी, नीजि क्षेत्र नागरिक समाज सञ्चारकर्मी समेतको सहयोग र

सहकार्यमा  अभियानको रुपमा अगाडी बढाउने नीति लिइनेछ । जसमा वडागत रुपमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

- ✓ खानेपानी तथा सरसफाई सम्बन्धी दीर्घकालिन समाधानका लागि सरसफाइ गुरुयोजना तयारी गर्न सम्वन्धित निकायहरुमा पहल गरीने छ ।
- ✓ जनताको सरसफाई बानी व्यवहार परिवर्तन गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहोरको समुचित व्यवस्थापन गर्न ल्याण्ड फिल साईटको व्यवस्थापन, फोहोर प्रशोधन तथा ब्यवस्थित कवाडी संकलन जस्ता कार्यक्रमहरु निजी क्षेत्रसंगको साझेदारीमा कार्यान्वयन गरिने छ ।
- ✓ गाउँपालिकाको मुख्य क्षेत्रमा नमूनाको रुपमा केही घरधुरीहरुमा सुन्य फोहर भान्छाघर ( Zero Waste Kitchen) को कार्यक्रम कार्यान्वयन गरिने छ ।
- ✓ गाउँपालिकाक्षेत्रका  सार्वजनिक स्थल जस्तै बसपार्क, पेट्रोल पम्प, मुख्य हाटबजार आदि क्षेत्रमा सार्वजनिक शौचालयहरु निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- ✓ गाउँपालिकाक्षेत्रमा घर घरमा भान्साको फोहरलाई सड्ने र नसडने भनी विभाजन गरी सड्ने फोहरलाई घरभित्रै कम्पोष्ट मलको रुपमा उपयोगमा ल्याउन स्थानीय नागरिकहरुको लागि सचेतनात्मक कार्यक्रम तथा नियमन गरिनेछ ।
- ✓ गाउँपालिकाले सरसफाई सप्ताह घोषणा गरी सो सप्ताहमा व्यापकरुपमा सफा गाउँ कार्यक्रम सञ्चालन  गर्नेछ । फोहरमैला ऐनले तोके अनुसार सो ऐन विपरित काम गर्नेहरुलाई दण्ड जरिवाना गर्ने ब्यवस्था गरिनेछ ।

**बिपद ब्यवस्थापन तथा भू संरक्षण**

- ✓ गाउँपालिकामा आईपर्ने प्राकृतिक विपत्तिहरुको प्राथमिक ब्यवस्थापन तथा भूसंरक्षणको लागि देहायका कार्यहरु सम्पादन गरिनेछ ।
- ✓ गाउँपालिका क्षेत्रमा आईपर्ने विपत्तिहरुमा तत्काल राहत उपलब्ध गराउन बिपद ब्यवस्थापन कोष स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- ✓ मिति २०७२ बैशाख १२ गतेको बिनासकारी भूकम्पको कारण पिडीत भएका घरधुरीहरुलाई नेपाल सरकारले प्रदान गर्दै आएको राहत रकम तथा सहुलियतहरुको उचित ब्यवस्थापन गरी वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- ✓ प्रकोपबाट जिल्लाबासीको सुरक्षाको लागि समयमा प्रकोप प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ। साथै जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ गाउँपालिकाको विपत पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि आवश्यक व्यवस्था गरिनेछ।
- ✓ भूक्षय हुने क्षेत्रको पहिचान, संरक्षण कार्यको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरी आवश्यक कार्यक्रमहरु कार्यान्वयन गरिने छ।

**बिद्युत तथा बैकल्पिक उर्जा**

- ✓ गाउँपालिकालाई उज्यालो गाउँ बनाउन बैकल्पिक ऊर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गै.स.स. को सहयोगमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ।
- ✓ बैकल्पिक ऊर्जाको अवस्था सम्भावना र अवसरहरुको खोजी गरिनेछ।

**शिक्षा बिकास**

- ✓ गाउँपालिकामा सवैको लागि शिक्षा अभियानलाई टेवा पुऱ्याउन विद्यार्थी भर्ना अभियान, विद्यालयको पूर्वाधार विकास, गुणस्तरीय शिक्षा अभियान जस्ता कार्यक्रमहरुमा विद्यालयहरुलाई सहयोग गरिने छ।
- ✓ प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सामाजिक परिचालन मार्फत प्रोत्साहित गरि साक्षरता प्रतिशतमा सुधार गरिनेछ।
- ✓ राष्ट्रिय सारक्षरता अभियानलाई उपलब्धीमूलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशिल गै.स.स. हरुसँग सहकार्य र समन्वय गर्ने र अनुगमन, मूल्याकन पद्धतिलाई ब्यवस्थित र सुदृढ तुल्याउइनेछ।
- ✓ गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा वालकक्षा सञ्चालन, कम्प्यूटर शिक्षा, पुस्तकालय स्थापना र सञ्चालन तथा अन्य शैक्षिक सामाग्री सहयोगको साथै शैक्षिक गुणस्तर सुधारका लागि सम्वन्धित विद्यालयसंगको साझेदारीमा लागु गरिने छ।

**स्वास्थ्य**

- ✓ गाउँपालिकाको स्वास्थ्य संस्था तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा क्रमशः चौविसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि आवश्यक सहयोग र पहल गरिनेछ।
- ✓ स्वास्थ्य क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुबीचको समन्वयलाई सुढृढ तुल्याइने छ।

- ✓ गाउँपालिकाको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ गाउँपालिका क्षेत्रभित्र स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार गाउँ स्वास्थ्य क्लिनिक वा योगा /ध्यान केन्द्र सञ्चालन गर्न सहकार्य गरिनेछ

**वन, वातावरण तथा जलवायु परिवर्तन**

- ✓ गाउँपालिकाभित्र रहेको वन क्षेत्रको समुचित व्यवस्थापन तथा उपयोगका लागि सहकार्यमा विभिन्न कार्यक्रम कार्यान्वयन गरिने छ । साथै वनक्षेत्र संरक्षणको लागि गाउँपालिकामा वृक्षारोपण तथा वनजङ्गल संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गरिनेछ । ईन्धनको चाप वनक्षेत्रमा कम गर्न वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ ।
- ✓ सडक निर्माण गर्दा दुबैतर्फ वृक्षारोपण गर्ने नीति लिइनेछ तथा Enviroment Managment plan (EMP) बनाई कार्यान्वयन गरिनेछ ।
- ✓ वृक्षारोपण तथा भु संरक्षण कार्य गर्दा साझेदारीमा गर्ने नीति लिइनेछ । गाउँपालिकाले गाउँपालिका क्षेत्रका मुल सडक दायाँ बायाँ, सार्वजनिक जमिन र खोला किनारमा वृक्षारोपण गरी हरियाली प्रबर्द्धन गरिनेछ ।
- ✓ वातावरणमैत्री स्थानीय शासनको स्वीकृत सूचकहरु प्राप्तिका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ । गाउँपालिका क्षेत्रभित्रका विद्यालय तथा क्याम्पसहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु र वित्तीय वैंकिङ्ग निकायहरुसंगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ✓ गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सरकारी भवनहरुलाइ वातावरणमैत्री घर (Green Building) को रुपमा विकसित गर्न आवश्यक समन्वय गरिनेछ ।
- ✓ गाउँपालिकाभित्रका सार्वजनिक जग्गाहरुको खोजी गरी गाउँपालिकामा आवश्यक सार्वजनिक पूर्वाधारहरु, मनोरञ्जन पार्क, हरियाली पार्क निर्माण गर्न पहल गरिने छ ।
- ✓ गाउँपालिका क्षेत्रभित्र हरियाली प्रवर्धन गर्न टोल सुधार समितिहरु गठन तथा साझेदारी कोष स्थापना गरी सञ्चालनमा ल्याईने छ । सडक निर्माण गर्दा सडक किनारमा रुख विरुवा लगाउँने कार्यलाई योजनामा समावेश गरिने छ ।
- ✓ जलबायू परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरि स्थानिय जलबायू परिवर्तन अनुकुल कार्ययोजना तर्जुमा गरि कार्यान्वयमा ल्याइनेछ ।

- ✓ पुराना भैरहेका पोखरीहरुको संरक्षण गर्ने तथा नया पोखरी खन्ने कार्यक्रमलाइ अभियानको रुपमा संचालन गरिनेछ ।
- ✓ वातावरण मैत्री विकास पूर्वाधार निर्माणमा जोड दिइनेछ । हरीत शहरको अवधारणा अनुरुप पार्क निर्माण विकास र प्रवर्द्धनमा जोड लिइनेछ ।
- ✓ गाउँपालिकाक्षेत्रको लागि निर्धारण गरिएका घर परिवार तहको वातावरणमैत्री स्थानीय शासनको आधारभूत सूचकहरुको कार्यान्वयन शुरु गरिनेछ ।
- ✓ गाउँपालिकाक्षेत्रका घर घरमा वर्षातमा कम्पाउण्डभित्र परेको पानीलाई ढल वा नालामा नपठाई कम्पाउण्ड भित्र जमिनमुनि पानी रिचार्ज गर्ने व्यवस्थाको लागि नियमन गरिनेछ
- ✓ गाउँपालिकाक्षेत्रका क्षेत्रमा प्लाष्ट्रिक प्रयोगमा बन्देज गर्न औपचारिक पहल गरिनेछ ।
- ✓ गाउँपालिकामा स्वास्थ र सफा मासु आपूर्तिको लागि उपयुक्त स्थानमा पशु निजी वा सार्वजनिक वा निजी-सार्वजनिक वधशाला सञ्चालन कार्य प्रारम्भ गरिनेछ ।
- ✓ गाउँपालिकाले वार्षिक कम्तिमा २५ जना व्यक्तिलाई Cost-Effective Housing वा Green Home निर्माण सम्बन्धी तालिम प्रदान गरी तालिम प्राप्त जनशक्तीवाट उक्त घरहरु निर्माणमा प्रोत्साहन गरिनेछ ।

### कृषि तथा पशु विकास

**निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणालीतर्फ उन्मूख गर्ने नीति लिइनेछ ।**

- ✓ सुनकोशी गाउँपालिकामा "कृषि र पर्यटन, हाम्रो सशक्त अभियान" को अवधारणा लिई सोही अनुसारका योजना कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- ✓ यस गाउँपालिकाको कृषि सम्भावित क्षेत्रहरुको पहिचान गरी आधुनिक तथा व्यवसायिक कृषि व्यवसाय, एक वडा एक उत्पादनको अभियान, कृषि उपजको सन्तुलित वजारीकरण आदि कार्यलाई तिव्रताका साथ अगाडि वढाईने छ ।
- ✓ गाउँपालिकामा कृषिजन्य उत्पादनहरुलाई गुणस्तरीय तथा व्यवस्थित गराउँन माटो परिक्षण तथा उपचार, आई पि एम पाठशाला सञ्चालन, जैविक (गोठे) मल तथा जैविक विषादी, सिंचाई पोखरी निर्माण, पशु भ्याक्सिनेसन, पशु विमा र कृषि तथा पशुजन्य उत्पादनको वजारीकरण तथा प्रवर्धनमा विशेष जोड दिईने छ ।
- ✓ उन्नत खालका पुशपालनका लागि युवा कृषकहरुलाइ प्रोत्साहित गरिनेछ ।
- ✓ कृषि सहकारीतालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार बनाइनेछ

**सहकारी, गरीबी न्यूतिकरण तथा उद्यमशिलता बिकास**

- ✓ गाउँपालिकाक्षेत्रमा रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित विकासको लागि साझेदारीको अवधारणा अनुरुप सहकारी बिकासका पहलहरु थालनी गरिनेछ ।
- ✓ गाउँपालिकावासी नागरिकहरुको जिविकोपार्जन सुधारका लागि सवै वडाहरुमा लघु, घरेलु, साना, मझौला उद्यम/उद्योगहरुको स्थापना र सञ्चालनको लागि विशेष पहल गरिने छ ।
- ✓ गाउँपालिकाक्षेत्रमा रहेका कृषि तथा वन क्षेत्रवाट उत्पादन हुने उपजहरुमा आधारित लघु , घरेलु तथा साना उद्यमको स्थापना गराई स्वरोजगारी, आय आर्जन कार्यक्रमहरुको लागि वजेट विनियोजन तथा कार्यान्वयन गरिने छ ।
- ✓ गरिबीको रेखामुनि रहेका परिवारहरुको अत्यधिक वसोवास भएका वस्तीहरुमा लघु तथा घरेलु उद्यमको माध्यमबाट अति विपन्न, गरिव, महिला, दलित तथा आदिवासी जनजातीहरुको आर्थिक तथा सामाजिक विकासको माध्यमबाट गरिवी न्यूनीकरणमा जोड दिन लघु उद्यम विकास कार्यक्रम (MEDEP) मोडेलको अवलम्वन तथा कार्यान्वयनको लागि सम्वन्धित निकायहरुसंग सहकार्यमा जोड दिईने छ ।
- ✓ उद्यमशिलताको विकाससंगै लघु तथा साना उद्यमलाई विकास र प्रवर्द्धन गरी गरिवी न्यूनिकरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्न गाउँपालिका उद्यम विकास रणनैतिक योजनालाई कार्यान्वयनमा ल्याई आवश्यक श्रोतको व्यवस्था गर्दै लघु उद्यम विकास कोषलाई गाउँपालिकामा Basket Fund को रुपमा विकास गरी सञ्चालन गरिने छ ।
- ✓ एक वस्तु एक गाउँपालिका कार्यक्रम सञ्चालन रही स्थानीय आर्थिक विकासमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**भूःउपयोग, शहरी बिकास तथा व्यवस्थित वस्ती बिकास**

- ✓ गाउँपालिकाको भू-उपयोग नीति तथा योजना तयार गरी कार्यान्वयन शुरु गरिने छ ।
- ✓ शहरी विकास मन्त्रालयसंग समन्वय गरी व्यवस्थित बसोबासको लागि मापदण्ड बनाई land pooling कार्यक्रम सञ्चालन गरिने छ ।
- ✓ समूदायको अग्रसरतामा बस्ती विकासलाई प्रोत्साहित गरिनेछ । समूदायको अग्रसरतामा व्यवस्थित बस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।
- ✓ व्यवस्थित वस्ती बिकासलाई प्रोत्साहन गर्न सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ । भूकम्प तथा अन्य विपत्तिहरु समेतवाट सूरक्षित हुने गरी बस्ती बिकास गर्न पहल गरिने छ ।

- ✓ पुराना घरलाई भूकम्पबाट जोगाउने Retro fitting योजना सञ्चालन शुरु गरिने साथै भूकम्प वा विपद् वा अन्य प्रयोजनको लागि निश्चित क्षेत्रलाई खुल्ला क्षेत्र तोकि खुल्ला क्षेत्रमा समावेश गर्न स्थानीय विकास मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गरिनेछ
- ✓ गाउँपालिकाले गाउँपालिकाक्षेत्रमा घर निर्माणमा संलग्न डकर्मि, मिस्त्री आदिलाई भवन संहिता र भवन निर्माण सम्बन्धी तालीम दिइ अव गाउँपालिकामा बन्ने जुनसुकै घरहरु तालीम प्राप्त जनशक्ति ले मात्र बनाउन पाउने व्यवस्था शुरु गरिनेछ ।

**पर्यटन बिकास**

- ✓ गाउँपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरू र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- ✓ पर्यटकीय महत्व बोकेका क्षेत्रहरुमा आवश्यक पर्यटन पूर्वाधार निर्माण गर्ने कार्यमा जोड दिईने छ । नयाँ पर्यटीय क्षेत्रहरुको पहिचान तथा उक्त क्षेत्रको विकासको लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई अवलम्वन गरिनेछ ।
- ✓ गाउँपालिकाले पर्यटन मन्त्रालयसंग समन्वय गरी गाउँपालिकाको कम्तिमा एक वस्तिमा Home Stay कार्यक्रम थालनी गरिनेछ ।
- ✓ गाउँपालिकाले इतिहास विद् वा पुरातत्व विद्को सहायतामा आफ्नो क्षेत्रमा रहेको एतिहासिक व्यक्ति, घटनासंग जोडिएका वा अन्य ऐतिहासिक स्थल पहिचान गरी सो स्थानमा ढुंगामा विवरण राखी सो स्थललाई पर्यटकीय प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

**सुशासन तथा संस्थागत बिकास**

- ✓ गाउँपालिकाको वेवसाईटलाई प्रभावकारी ढंगले सञ्चालन गरी सम्पूर्ण सूचनाहरु वेव मार्फत प्रसारित गरिनेछ ।
- ✓ गाउँपालिकाका गतिविधीहरु पारदर्शी तुल्याउन तथा स्थानीय नागरिकहरुलाई सहज तवरले जानकारी पुर्याउन सवैखालको सञ्चार माध्यमसंग समन्वय गरिनेछ ।
- ✓ गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्दि गरी वित्तीय जोखिमलाई न्यूनिकरण गर्न गाउँपालिका स्तरीय अनुगमन समितिलाई अझ सक्रिय तुल्याई अनुगमन कार्यलाई तिव्रता दिईने छ ।

- ✓ गाउँपालिकाका नागरिकहरु तथा सामुदायिक संस्थाहरुलाई स्थानीय शासन प्रक्रियामा सक्रिय सहभागिता गराई निजहरुको आधारभूत अधिकारहरुको पहुँचमा सुनिस्चितता कायम गर्ने प्रयास गरिने छ।
- ✓ गाउँपालिकामा वित्तीय सुशासन जोखिम न्यूनिकरणका लागि स्थानीय स्तरमा रणनैतिक योजना तर्जमा गरी लागु गरिने छ।
- ✓ जिल्ला प्रशासन कार्यालयको समेत सहयोग लिई गाउँपालिकाबाट विशेष कार्ययोजना बनाई यस गाउँपालिकालाई भ्रष्टाचारमा शून्य सहनशील गाउँपालिका को रुपमा घोषणा गर्न पहल गरिनेछ।
- ✓ गाउँपालिकामा सामाजिक सूरक्षा तथा व्यक्तिगत घट्ना दर्ताका प्रशासनिक सुधारका लागि आवश्यक अनलाईन प्रणालीको विकास तथा सञ्चालन गरिने छ।
- ✓ गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन प्रगति समीक्षा, समन्वय बैठक, सार्वजानिक सुनुवाई, सामाजिक परीक्षण आदि कार्यक्मकमहरुलाइ बढावा दिइनेछ
- ✓ गाउँपालिका तथा मातहतका वडा कार्यालयको संस्थागत सुदृढिकरणका कार्यहरु थालनी गरिने छ।

**लक्षितवर्ग तथा समावेशीकरण**

- ✓ विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गै.स.स समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ। सहभागिताको माध्यमबाट ग्रामिण गरिबी न्यूनिकरण एवम् सामाजिक पुंजी निर्माणमा जोड दिइनेछ।
- ✓ नेपाल सरकारको लैंगिक तथा सामाजिक समावेशीकरण नीति, "स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश" २०७३ तथा अन्य विभिन्न दस्तावेजहरुको अनुसरण गर्दै लक्षित वर्ग कार्यक्रम अन्तरगत वालवालिका, महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका, जेष्ठ नागरिक, लोपोन्मूख र आर्थिक रुपमा पछि परेका वर्गहरुको उत्थान र विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।
- ✓ गाउँपालिकाका सवै वडाहरुमा वाल मैत्री स्थानीय शासनको अवधारणा लागु गरी वाल मैत्री गाउँपालिकाको रुपमा स्थापना गर्न पहल गरिनेछ।
- ✓ बालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडी बढाइनेछ। जेष्ठ नागरिकको सम्मान कार्यक्रम आयोजना गरिनेछ।

- ✓ सामुदायिक विद्यालयमा पानी सहितको महिला र पुरुषका लागि अलग अलग शौचालय व्यवस्थापन गर्न कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा स्वाभिमान र आत्मनिर्भर वनाउनका लागि सीपमूलक तालिम प्रदान गर्ने, रोजगारीमा समान अवसर तथा सेवा सुविधाहरुमा पहुँच बढाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ जेष्ठ नागरिक, एकल महिला, अशक्त अपांगहरुलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध हुने सुनिश्चितता प्रदान गरिनेछ । ज्येष्ठ नागरिकका लागि सहयोग एवम् सम्मान पुग्ने खालका क्रियाकलापहरु संचालन गरिनेछ ।

**मानव संसाधन बिकास**

- गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा जोड दिईने छ ।
- गाउँपालिकालाई आवश्यक रिक्त रहेका पदहरुको पूर्ति गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- स्थानीय नागरिकहरुलाई प्रभावकारी सेवा प्रवाहको लागि आवश्यक पूर्वाधारहरु ज8ान तथा सञ्चालन गरिने छ ।

- सबै अधिकृत स्तरका कर्मचारीहरुको कार्यालयको ठेगाना रहेको इ मेल खोलिने र चौथो तहभन्दा माथिका सम्पूर्ण कर्मचारीहरुलाई Basic computer तालिमको व्यवस्था गरिनेछ ।

**राजश्व तथा वित्तीय व्यवस्था**

“स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश” २०७३ तथा अन्य प्रचलित ऐन नियमहरुको परिधिभित्र रही गाउँपालिका स्तरीय राजस्व परामर्श समितिको सिफारिसमा अन्तिरिक कर, शुल्क र दस्तुर आदिको दरमा आवश्यक परिमार्जन गरी प्रथम गाउँपालिकासभाबाट स्वीकत गरिसकिएको छ । सोको प्रभावकारी कार्यान्वयनमा जोड दिईने छ ।

- ✓ गाउँपालिकामा व्यवसाय करको नक्सांकन गरी करदाताहरुहरुलाई करको दायराभित्र ल्याई नियमित असुली कार्य गरिनेछ । करको थप क्षेत्रहरुको पहिचान गरी कर प्रणाली कार्यान्वयन गरिने छ ।
- ✓ करदाताहरुको लगतलाई कम्प्युटरीकृत गरी राजस्व प्रशासनलाई सुदृढ गर्न आवश्यक संस्थागत व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिकाको लेखा प्रणालीलाई ब्यवस्थित गर्न कम्प्युटरकृत लेखा प्रणालीलाई कार्यान्वयन गरिने छ ।
- ✓ बहालवाला कर्मचारीको नाममा रहेको म्याद नाघेको पेश्की शून्य गरिनेछ । अन्य व्यक्ति, पदाधिकारी तथा संस्थाको नाममा रहेको म्याद नाघेको पेश्की फरछ्यौट कार्यमा प्रभावकारी पहल  गरिनेछ ।

आदरणीय महानुभावहरु

**गत आर्थिक वर्ष २०७३/७४ को यथार्थ आम्दानी**

गत आर्थिक वर्षको गाउँपालिका अनुदान चालु तर्फ निसर्त अनुदान रु ३२,५८,०००/- सामाजिक सूरक्षा भत्ता वापतको जिल्ला समन्वय समितिबाट निकासा भएको रु ३,८०,००,०००/- र जिससवाट गाउँपालिकामा पूँजीगत अनुदान तर्फ रु २,१६,००,०००/- त्यसै गरी आन्तरिक श्रोत तर्फ कर, महसुल, दस्तुर र सेवा शुल्क वापत रु ७,३४,०००/- प्राप्त भएको थियो भने राजश्व बाडफाड तर्फ रु. ४,२०,०००/- प्राप्त भएको व्यहोरा सभा समक्ष अनुरोध गर्दछु ।

## सुनकोशी गाउँकार्यपालिका बाट पारीत विशेष निर्णयहरु

**कुल आय अनुमान**

आगामी आ.व. २०७४/०७५ को लागि यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०७४/०३/३० गतेको वैठकबाट पारित भई आएका नीति, कार्यक्रम तथा वजेट सम्बन्धमा आवश्यक सुझावहरु सहित पारित भई आएका नीति, कार्यक्रमहरु तथा वजेट नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त भएको वार्षिक विकास योजना तथा बजेट मार्गदर्शन तथा सिमा बमोजिम आन्तरिक आय तर्फ १० लाख ८५ हजार र यस वर्षको आगामी वर्षमा दायित्व सर्ने रकम रु ५०

लाख, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण तर्फ रु. १२ करोड ५१ लाख २ हजार र सर्शत अनुदान तफ रु. १० करोड ४४ लाख ४० हजार  सामाजिक सुरक्षा भत्ता तर्फ  रु. ३ करोड ८४ लाख र राजस्व बाँडफाँटबाट रु ५ लाख गरी जम्मा २७ करोड ४५ लाख २२ हजार  रुपैँया प्रस्तावित आम्दानी पारित गर्ने निर्णय गरियो ।

**कुल व्यय अनुमान**

आन्तरीक आम्दानी तर्फ रु. १२८५०००/- अर्थ वित्तिय समानिकरण तर्फको चालु खर्च रु. २,८७,२०,५००/- र सामाजिक सुरक्षा भत्ता तर्फ ३,८४,०००००/- समेत रु. ६,८४,०५,५००/- चालु खर्च विनियोजन गरीएको छ भने पुजीगत तर्फ वित्तिय समिकरणको रु.१,०७,५०,०००/- गाउँपालिकाको कार्यालयको लागी र ८,५६,३१,५००/- वडा स्तरीय विकास योजनामा अनुसुचिमा उल्लेख भए अनुसार छुट्याईएको छ भने अर्थ मन्त्रालयबाट सुनिस्चितताको रु. ४८ लाख वडा स्तरका कार्यक्रम अनुसार विनियोजन गरीएको छ । सर्शत अनुदान रु. १०,४४,४०,०००/- विषयगत कार्यालयको लागी प्रस्ताव पेश गरीएको व्यहोरा अनुरोध छ ।

यस गाउँपालिकाको राजस्व परामर्श समितिबाटबाट पारित भएको आन्तरिक करका दरहरु अनुसूचीमा उल्लेख भए बमोजिमका दरहरुलाई पारित गरि लागु गर्ने निर्णय गरियो ।

1= आ.व. २०७४/०७५ को अनुमानित आय व्यय सहितको योजना स्वीकृत गर्ने निर्णय गरियो ।

2= उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनामा कुल लागतको १५% ले हुने रकम नगदै जनसहभागिता गर्ने नीतिलाई प्रभावकारी रुपमा लागू गर्ने निर्णय गरियो ।

3= गाउँपालिको आन्तरिक आय राजश्व (पटके सवारी, विज्ञापन कर, ठेक्का कर) पहिचान गर्ने कार्यको लागि आय प्रक्षेपण तथा पहिचान गरी कार्यान्वयन गर्न गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

4= आ.व. २०७४/७५ सालको लागि “आर्थिक ऐन” २०७४ अनुसार राजश्व परामर्श समितिबाट सिफारीस भई आएका कर दस्तुर लगायतका दर रेटहरुलाई स्वीकृत गरी मिति २०७४ साउन १ गते देखि लागु गर्ने निर्णय गरियो ।

5= कार्यालयको काम कार्यवाहीलाई छिटो छरितो र व्यवस्थित गरी जनमूखी सेवा दिने उदेश्यले कामको चाप र प्रकृति अनुसार प्रत्येक शाखाको काम कारवाहीलाई चुस्त तथा

मितव्ययी बनाउन कार्यालयको समय सापेक्ष विकास अध्ययन प्रतिवेदन तयार गरी लागु गर्ने निर्णय गरियो ।

6= यस गाउँपालिकाबाट सम्पादन हने विकास निर्माण तथा सार्वजानिक सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

7= गाउँपालिकाबाट गरिएका विकास निर्माणका कार्यहरुमा कार्यालयको तर्फबाट गरिएका योजनाहरुको जाँचपास तथा फरक फारकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

8= यस गाउँपालिका र वडा कार्यालयमा कर्मचारी दरवन्दी देहाय वमोजिमका दरवन्दीहरु गाउँसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**गाउँपालिका तर्फ :-**

| **सि.नं.** | **पदको नाम** | **दरबन्दी संख्या** | **कैफियत** |
|---|---|---|---|
| 1 | कार्यकारी अधिकृत (रा.प.तृ.) | 1 | |
| 2 | इन्जिनियर (सिभिल) | 1 | |
| 3 | प्रशासन सहायक (नासु/खरिदार) | 1 | |
| 4 | लेखापाल/सहलेखापाल | 1 | |
| 5 | सव इन्जिनियर (सिभिल) | 2 | |
| 6 | कम्प्युटर अपरेटर | 1 | |
| 7 | कार्यालय सहयोगी | 2 | |

**वडा कार्यालय तर्फ :-**

| **सि.नं.** | **पदको नाम** | **स्वीकृत दरबन्दी** | **कैफियत** |
|---|---|---|---|
| 1 | वडा सचिव (नायव सुब्बा/खरिदार) | 7 | |
| 2 | प्रशासन सहायक | 7 | |
| 3 | कार्यालय सहयोगी | 7 | |

✓ यस गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको जिम्मेवारी अनुसारको कार्य विवरण ( Terms of Reference) तयार गरी आवश्यक प्रक्रिया पुऱ्याई लागु गर्न गाउँकार्यपालिका लाई अधिकार प्रत्ययोजन गर्न निर्णय गरियो ।

✓ यस गाउँपालिका वडा सचिवहरु लगायत अन्य कर्मचारीलाई गाउँपालिको आवश्यकता अनुसार प्रशासनिक तथा अन्य जिम्मेवारी दिने अधिकार गाउँकार्यपालिकालाई दिने निर्णय गरियो ।

✓ यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यक्षमता विकास गरी प्रभावकारी सेवा प्रवाहको लागि आ. व. २०७४/०७५ मा कर्मचारी क्षमता विकास योजना तयार गरी क्षमता विकास कार्यक्रमहरु गर्ने र अन्य सफल र उदाहरणीय गाउँपालिकाहरुमा अवलोकन भ्रमण कार्यक्रम योजनामा राखी कार्यान्वयन गर्ने निर्णय गरियो ।

9= गाउँपालिको कार्य सम्पादनलाई नियमित गर्न प्रचलित ऐन कानूनको परिधिभित्र रही अर्को गाउँसभा नगरे सम्मको लागि यस गाउँसभामा रहेको निम्नानुसारका अधिकारहरु गाउँकार्यपालिकालाइ प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(क) गाउँपालिकालाई प्राप्त हुने केन्द्रिय अनुदान लगायतका अन्य स्रोतहरु र गाउँपालिकाकोष अन्तर्गतका पूँजीगत खर्च तथा कार्यक्रमहरुमा विनियोजन रकम अनुसार योजना छनोट, संशोधन एवं वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(ख) गाउँपालिका अन्तर्गतका अन्य कार्यक्रम र आयोजनाहरुको वार्षिक कार्यक्रम संशोधन र परिमार्जन गर्ने ।

(ग) गाउँपालिका अन्तर्गत चालु तथा पूँजीगत खर्चको विनियोजित रकम सम्बन्धित क्षेत्रमा प्रदान गर्न स्वीकृत गर्ने ।

(घ) गाउँपालिकाले लगाउने कर दस्तुर शुल्क तथा विक्री आदिको दर र ठेक अंक रकम स्वीकृत संशोधन तथा परिमार्जन गर्ने ।

(च) गाउँपालिको कार्यसम्पादनका सिलसिलामा आवश्यक पर्ने अन्य प्रशासनिक अधिकारहरु प्रयोग गर्ने ।

10= गाउँपालिको स्वामित्व तथा संरक्षणमा रहेका सार्वजानिक मठ, मन्दिर, गुम्बा, मश्जिद पाटी पौवा, प्राचिन स्मारक, ताल, तलैया, पार्क, पर्ति जग्गा, सार्वजानिक जग्गा देवालय तथा अन्य सार्वजानिक सम्पतिहरुको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्ने निर्णय गरियो ।

11= स्थानिय निकायमा कार्यरत स्थानिय निकायका कर्मचारीहरुको सेवा सुविधा केन्द्रीय सरकारका कर्मचारीहरुले पाए सरह दिन यस गाउँपालिका सभाबाट स्वकृत गर्ने निर्णय गरीयो ।

12= मिति २०७३/११/२७ पछी यस गाउँपालिकामा भएको आम्दानी र खर्चलाई यस गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरीयो ।

13= प्रशासनिक खर्चको सीमाभित्र रही आन्तरिक स्रोतबाट दायित्व ब्यहोर्ने गरि गाउँपालिका कार्यालयका लागि प्रस्ताव गरेका कर्मचारीहरुको पारिश्रमिक विवरण र सुविधा स्वीकृत गर्ने निर्णय गरियो ।

14= गाउँपालिकाबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता वितरण कार्यको अनुगमन वडा का निर्वाचित पदाधिकारीहरु मार्फत गर्ने निर्णय गरियो ।

15= यस गाउँपालिकामा बाल मैत्री स्थानीय शासन Child Friendly Local governance (CFLG) अबलम्बन गर्ने निर्णय गरियो ।

16= यस गाउँपालिकालाई पुन खुल्ला दिशामुक्त गाउँपालिका घोषणाको लागि तयारी शुरु गर्ने निर्णय गरियो

17= यस गाउँपालिकामा पूर्वाधार विकास योजना संचालन गर्दा दिगो गुणस्तरिय र वातावरणीय मैत्री पक्षमा जोड दिने निर्णय गरियो ।

18= गाउँपालिकाले विकास योजनाहरुको तर्जुमा एवं कार्यान्वयन गर्दा लैंगिक समानता तथा सामाजिक तथा समावेशीकरणको नीति अनुरुप गर्ने निर्णय गरियो ।

19= प्रत्येक योजनाको सम्बन्धित कार्यान्वियनकर्ताले आयोजना स्थलमा नै सार्वजानिक परिक्षण गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी गर्ने कार्यलाई अझ प्रभावकारी तुल्याउने निर्णय गरियो ।

20= गाउँपालिका क्षेत्र भित्र गैर सरकारी संस्थाहरुबाट स्थानीय नागरिकहरुको आर्थिक सामाजिक सशक्तिकरणका कार्यक्रमहरु गर्न प्रस्ताव भएका र सोको लागि अनुमति माग भई आएमा उक्त कार्यको लागि आवश्यक अनुमति दिन तथा सहयोग गर्न गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

21= गाउँपालिका कार्यालयबाट आगामी आ.व. का लागि प्रस्ताव गरिएका आन्तरिक आयका कर दस्तुर, महशुल, शुल्क, राजश्व ठेक्काका न्यूनतम अंक स्वीकृत गरी सो अनुसार कार्यान्वयन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रदान गरियो ।

22= गाउँपालिकामा सुशासन कायम गर्नका लागि वित्तिय सुशासन जोखिम न्यूनीकरण कार्य योजना निर्माण गरी लागु गर्ने निर्णय गरियो ।

23= गाउँपालिको अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा उल्लेख भएका बेरुजुहरुलाई लेखासमितिको सुझाव बमोजिम नियमित/असुली गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

24= लेखा परीक्षण प्रतिवेदन वमोजिम तत्कालिन गा.वि.स. कार्यालयबाट पेश्की लिई हालसम्म पनि पेश्की पश्चौट नगर्ने व्यक्ति संघ संस्थाहरुलाई अविलम्ब पेश्की फछ्र्यौट गर्ने ताकेता गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

25= गाउँपालिकामा हाल कार्यरत जनशक्तिले मात्र गाउँपालिको दैनिक सेवा प्रवाह एवं स्वीकृत वार्षिक योजना तथा कार्यक्रम सम्पन्न गर्न जनशक्तिको अभाव हुन गएमा औचित्यका आधारमा गाउँपालिकालाई अत्यावश्यक कर्मचारी सेवा करारबाट लिने अधिकार गाउँकार्यपालिकालाई दिने निर्णय गरियो ।

26= गाउँ क्षेत्रभित्र विगतमा निर्माण सम्पन्न भै चालु सडकहरु भत्की विग्री जिर्ण भएर मर्मत संभार गर्ने व्यवथाका लागि गाउँरस्तरीय वार्षिक सडक मर्मत योजना बनाई लागु गर्ने निर्णय गरियो ।

27= गाउँमा जम्मा हुने फोहोर मैला संकलन, वर्गीकरण एवं व्यवस्थापन गर्न उपयुक्त स्थानमा ल्याण्डफिल (फोहोर मैला प्रशोधन केन्द्र) निर्माण गर्न प्रादेशीक तथा केन्द सरकार एवं सम्बन्धित दातृ संघ-संस्थासँग आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

28= यस गाउँपालिकामा आगामी आ.व. २०७४/७५ देखी प्रोदभावी (Accrual Account Entry System) लेखा प्रणाली लागू गर्ने निर्णय गरियो ।

29= गाउँपालिको समग्र क्षेत्रको विस्तृत अध्ययन सहित प्रकोपको सम्भावनाहरु पहिचान गरी आवधिक विपद जोखिम व्यवस्थापन योजना तयार गरी लागू गर्ने निर्णय गरियो ।

30= गाउँपालिकामा सेवा ग्रहणका लागि आउने सेवाग्राहीको सहजता एवं शुशासन व्यवस्थापनका लागि नागरिक वडापत्र बनाई क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

31= गाउँपालिको आन्तरिक श्रोत वृद्धिका लागि आम्दानीका श्रोतहरु परिचालन गर्न राजश्व परामर्श समितिले सिफारिस गरे भन्दा बाहेका विषयमा कर, दस्तुर, सेवा शुल्कको दररेट, शिर्षक थप गर्नु परेमा सोको निर्धारण गर्ने अधिकार गाउँकार्यपालिकालाई दिने निर्णय गरियो ।

32= यस गाउँपालिका विभिन्न स्थानमा सार्वजनिक शौचालयनिर्माण गर्नका लागि उपयुक्त स्थान पहिचान गरी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

33= गाउँपालिकामा भ्युटावर निर्माण गर्न सम्भाव्यता अध्यन गरी निर्माण प्रकृया अगाडी वढाउन पहल गर्ने निर्णय गरियो ।

34= आधुनिक सुविधा सम्पन्न गाउँ टाउन हल निर्माणको लागि उपयुक्त स्थान पहिचान गरी निर्माणको लागि आवश्यक पहल शुरु गर्ने निर्णय गरियो ।

35= गाउँपालिकाक्षेत्रमा वनभोज स्थलको उपयुक्त स्थानको पहिचान तथा जग्गा संरक्षण गरि क्रमिक रुपले आवश्यक संरचना निर्माण गर्ने निर्णय गरियो ।

36= यस गाउँपालिको भु-उपयोग योजनाका लागि सम्भाव्यता अध्ययन गरी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

37= यस गाउँपालिकाको केन्द्रको लागी भवन निर्माण गर्नको लागी उपयूक्त स्थानमा जग्गा व्यवस्थापन गरी खरीद गर्ने निर्णय गरीयो ।

38= यस गाउँपालिकाको (Rural Municipality Profile) तयार पार्ने निर्णय गरीयो ।

**अन्त्यमा,**

**यस** गाउँपालिकाको प्रथम गाउँपालिका सभावाट आ.व. २०७४/०७५ को लागि पारित भएको वार्षिक गाउँपालिका विकास योजना सार्वजनिकीकरण कार्यक्रममा प्रथम गाउँसभा सम्पन्न गर्न सम्पूर्ण गाउँकार्यपालिका सदस्य, गाउँ सभाको सदस्य, राजनितिक दलका प्रतिनिधि, वडा अध्यक्ष, वडा सदस्य, योजना तर्जूमा समितिका सदस्यहरु, महिला, यूवा, आदिवासि जनजाति, दलित, पिछडा वर्ग, मधेशी, मुस्लीम, वाल संजाल, जेष्ठ नागरिक नागरिक समाज, उद्यमी व्यवसायी, संघसस्था, पत्रकार, सुरक्षकर्मी, विषयगत कार्यालय, सम्पूर्ण गाउँवासी, संचारकर्मी एवं गाउँसभाका लागि खट्ने सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

धन्यवाद ! नमस्कार !

( लक्ष्मी पौडेल)
उपाध्यक्ष
सुनकोशी गाउँपालिका
सिन्धुपाल्चोक